प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बागमती प्रदेश कार्यालय

हेटौंडा, मकवानपुर

## डिप्लोमा/प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रमको Cutoff List को नतिजा प्रकाशन सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रकाशित मिति: २०७९/०७/२१

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०७९/०६/३१ गतेको सूचना बमोजिम शैक्षिक सत्र २०७९/८० को लागि श्री ग्रिनतारा कलेज अफ हेल्थ साइन्स, भैंसेपाटी, ललितपुरमा वर्गीकृत (निःशुल्क) छात्रवृत्ति बाहेकका तोकिएका कोटामा परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०७९/०४/१२, २०७९/०४/२७ र मिति २०७९/०५/२२ गतेको गोरखापत्र राष्ट्रिय दैनिक र www.ctevtexam.org.np मा प्रकाशित सूचना अनुसार ITMS मा Online entry भई नर्सिङ्ग कार्यक्रमको प्रवेश परीक्षामा सहभागी भएका सबै प्रदेशका तोकिएको मिति र समय भित्र निवेदन दर्ता गराएका परीक्षार्थीहरु मध्येबाट प्रवेश परीक्षाको प्राप्तांकको योग्यताक्रमका आधारमा डिप्लोमा/प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०७९ तथा उल्लेखित सूचना बमोजिम छनौट गरी सिफारिस गरिएको व्यहोरा सूचित गरिन्छ । सिफारिस भएका प्रशिक्षार्थीहरुले मिति २०७९/०८/०१ गतेसम्म कार्यालय समय भित्र अनिवार्य रुपमा आफ्नो शैक्षिक योग्यता, नागरिकता तथा प्रवेश पत्र सहित भर्ना भई सक्नु पर्नेछ । सम्बन्धित शिक्षण संस्थाहरुले समेत यसै सूचना तथा निर्देशिका बमोजिम प्रशिक्षार्थीहरु भर्ना गर्न/गराउनु हुन अनुरोध छ । तोकिएको समय र मिति भित्र विद्यार्थी भर्ना हुन नआई कोटा रिक्त भएमा सम्बन्धित शिक्षण संस्थालाई "डिप्लोमा/प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०७९" को परिच्छेद ५, बुँदा नं. २५ अनुसार गर्न समेत सूचित गरिन्छ ।

परिषद्को भर्ना सम्बन्धी निर्देशिका तथा सूचनामा उल्लेख भएका भर्ना प्रकृयाका कुराहरुमा फरक पारी विद्यार्थी भर्ना गर्ने गराउने कार्य भएमा सो को जिम्मेवार सम्बन्धित शिक्षण संस्थाको प्राचार्य हुने र त्यसरी भर्ना भएका विद्यार्थीको रजिष्ट्रेशन नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**निर्देशक**